# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: २ | मार्ग, २७ गते २०८० साल | (संख्या: १४) |
| --- | --- | --- | --- |



### भाग-२

नगर कार्यपालिकाको मिति: २०८०/०८/२७ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### पूर्वनिर्मित भवनहरुको भवन अभिलेखिकरण (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०८०

१. बर्दघाट नगरपालिकाको "पूर्वनिर्मित भवनहरुको भवन अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८०" को सट्टा बर्दघाट नगरपालिकाको "पूर्वनिर्मित भवनहरुको भवन अभिलेखिकरण (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

२. **कार्यविधिको परिच्छेद ४ को दफा १४ मा संशोधनः** "यदि घर/भवन सडक अधिकार क्षेत्र (ROW) तथा सेटब्याक (SETBACK) दुवै भित्र परेको/मिचेको पाइएमा तेस्तो घरको अभिलेखीकरण गर्न सकिने छैन।" भन्ने शव्दहरुको सट्टाः " यदि कुनै घर/भवन सडक अधिकार क्षेत्र (ROW) र सेटब्याक (SETBACK) दुवै मिचेको भएमा ROW र SETBACK मा पर्ने भाग र नपर्ने भाग घर नक्सामा नै स्पष्ट हुने गरी छुट्टयाई ROW बाहेकमा मात्र परेको भागको घर नक्सा पास दस्तुर तथा जरिवाना लिई बाकी भागलाई नक्सा पास गर्न नमिल्ने (Non Authentic) भन्ने जनाई ROW तथा SETBACK मिचेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मन्जुरिनामा प्रमाण पत्रमा नै गराई "पहिले नै बनेको घरको अभिलेख एवम् नियमनका लागि जारी गरिएको" भन्ने उल्लेख गरी र घरधनीबाट सो घरको मापदण्ड पालना

प्रमुख प्रशासकीय अधिकृत

सम्वन्धमा स्वघोषणा तथा कबुलियतनामा गराई अभिलेखीकरण प्रयोजनको नक्सा पास गरी अनुसूची ७ बमोजिमको प्रमाणपत्र प्रदान गर्ने ।" भन्ने शव्दहरु राखिएको छ ।

३. **कार्यविधिको परिच्छेद ४ को दफा २१ मा संशोधनः** "बस्ति, विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को बुँदा नं ६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ को उपदफा १ को ग लाई मध्यनजर गर्दै कुनै पनि सार्वजनिक क्षेत्र, सडक, ऐलानी, पर्ती जग्गा भित्र पूर्ण/आंशिकरूपमा परेका भवन/घरहरूलाई अभिलेखीकरण गरिने छैन ।" भन्ने शब्दहरुको सट्टाः "यदि कुनै अभिलेख गर्नुपर्ने घर/भवनको संधियारतर्फ भवन/संरचना बनिसकेका र फिल्डमा अमिन जादा संधियारतर्फ कुनै समस्या नभएको अवस्थामा सम्वन्धित अभिलेख गर्ने भवन/संरचनाको केहि भाग भने नापी नक्सा भन्दा बढी/बाहिर देखिएको हकमा अमीन, सम्वन्धित वडा,केहि बुद्धिजीवी अगुवा, तथा साक्षीहरुको रोहवरमा चारै तर्फका (बाटो बाहेक) संधियारहरुले उक्त घर/भवनले मेरो जग्गा मिचेको छैन र कही कतै उजुर वाजुर गर्ने छैन भनी मंजुरिनामा/कबुलियतनामा हस्ताक्षर सहितको सर्जमिन मुचुल्का (नेपाली कागजमा) गराउनु पर्नेछ।उक्त कागजात पेश भइआएमा नापी नक्शा भित्र पर्ने भागलाई मात्र अभिलेख गरिनेछ र नापी नक्शा भित्र परेको भागको मात्र घर नक्सा पास दस्तुर तथा जरिवाना लिई बाकी भाग नक्सा पास गर्न नमिल्ने (Non Authentic) भन्ने जनाई "पहिले नै बनेको घरको अभिलेख एवम् नियमनका लागि जारी गरिएको " भन्ने उल्लेख गरी र घरधनीबाट सो घरको मापदण्ड पालना सम्वन्धमा स्वघोषणा तथा कबुलियतनामा गराई अभिलेखीकरण प्रयोजनको नक्सा पास गरी अनुसूची ७ बमोजिमको प्रमाणपत्र प्रदान गर्ने ।" भन्ने शव्दहरु राखिएको छ ।

आज्ञाले,

(प्रकाश खनाल)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशा... अधिकृत**